# अपाङ्गता भएका व्यक्तिहरुको यौन तथा प्रजनन स्वास्थ्य र अधिकार

## समुदाय परिचालक तथा साथी शिक्षकहरूको

## तालिम सहभागि पुस्तिका

## २०८०

नेत्रहीन युवा संघ नेपाल

सुकेधारा, काठमाडौं

प्रकाशन: नेत्रहिन युवा संघ नेपाल, सुकेधारा काठमाण्डौं
साझेदारी: सिविएम ग्लोबल
सर्वाधिकार: नेत्रहिन युवा संघ नेपाल, सुकेधारा, काठमाडौं
संस्करण: पहिलो, २०८० फागुण
प्रकाशित संख्या:
फोन: ०१-४३७२१६०
इमेल: info@byanepal.org/byanepal@gmail.com
प्राविधिक सहयोग तथा लेखन: मदनराज भट्ट
सरल तथा सचित्र भाषा सम्पादन : ज्वाइन ह्याण्ड प्रा.लि.को तर्फबाट राजु बस्नेत र इजिटु रिड चेकिङ्ग ग्रुप,
प्रकाशन सल्लाहकार: रामचन्द्र गैरे, विश्वराम श्रेष्ठ, निलु महर्जन तथा नेत्रहिन युवा सङ्घ नेपाल परिवार
मुद्रण: नमस्ते नेपाल प्रा.लि. बागबजार काठमाण्डौ, फोन नं ०१-५९१२५५०

## तालिमबारे जानकारी

| | |
|---|---|
|  | समुदाय परिचालक तथा साथी शिक्षकहरुको लागि तालिम आयोजना गरिएको छ। |

## यो किताबको प्रयोग


| | |
|---|---|
|  | अपाङ्गता भएका व्यक्तिहरूको यौन तथा प्रजनन स्वास्थ्य र अधिकारमा काम गर्ने साथी शिक्षक तथा समुदाय परिचालकहरुको लागि हो । |

## तालिमका उद्देश्यहरु

| | |
|---|---|
|  | यौन तथा प्रजनन स्वास्थ्य र अधिकारका बारेमा समुदाय परिचालक तथा साथी शिक्षकहरूको ज्ञान र सिप बढाउने । |
|  | समुदाय परिचालक तथा साथी शिक्षकहरू परिचालन गरी अपाङ्गता भएका व्यक्तिहरूको ज्ञान र सिप बढाउने । |



## खण्ड एक


## १ यौन तथा प्रजनन स्वास्थ्य र अपाङ्गता

| | |
|---|---|
|   | सुरक्षित र सन्तुसष्ट तरिकाले यौन चाहना पुरा गर्ने र स्वन्तत्र तरीकाले छोरा छोरी जन्माउन पाउनु पर्छ । |
|  | अपाङ्गता भएका व्यक्तिको अधिकार सम्बन्धी ऐन, २०७४ अनुसार अपाङ्गता १० प्रकारका हुन्छन्। |



१० प्रकारका अपाङ्गताका बारेमा तल लेखिएको छ ।



| | |
|---|---|
|  | उहाँ शारीरिक अपाङ्गता भएकि महिला हुनु हुन्छ । |
|  | उहाँ पूर्ण दृष्टिविहीन भएका व्यक्ति हुनु हुन्छ । |
|  | उहाँ न्यून दृष्टियुक्त अपाङ्गता भएको व्यक्ति हुनु हुन्छ । |

| | |
|---|---|
|  | उहाँ बहिरा अपाङ्गता भएका व्यक्ति हुनु हुन्छ । |
|  | उहाँ श्रवणदृष्टिविहीन अपाङ्गता भएकि महिला हुनु हुन्छ । |
|  | उहाँ स्वरबोलाइ सम्बन्धी अपाङ्गता भएका व्यक्ति हुनु हुन्छ । |
|  | उहाँ मानसिक वा मनोसामाजिक अपाङ्गता भएका व्यक्ति हुनु हुन्छ । |
|  | उहाँ बौद्धिक अपाङ्गता भएको व्यक्ति हुनु हुन्छ । |

| | |
|---|---|
|  | उहाँ अनुवंशीय रक्तश्राव (हेमोफिलिया) सम्बन्धी अपाङ्गता भएको व्यक्ति हुनु हुन्छ । |
|  | उहाँ अटिजम सम्बन्धी अपाङ्गता भएकि महिला हुनु हुन्छ । |
|  | उहाँ बहुअपाङ्गता भएको व्यक्ति हुनु हुन्छ । |

**व्यक्तिको गम्भीरताको आधारमा अपाङ्गताको वर्गिकरण गरिन्छ ।**

| | |
|---|---|
|  क वर्ग<br>नेपाल सरकार<br>..................................पालिका<br>अपाङ्गता परिचय पत्र<br>फोटो<br>नाम, थरः<br>जिल्ला............ ...वडा नं ........................................<br>लिङ्गः ............ .......... ना.प्र.प्र.नं/जन्म द नं ..........................राष्ट्रिय परिचय पत्र नं ......................<br>अपाङ्गताको किसिमः ..........................  जन्म मिति ......................................<br>बाबु/आमा वा संरक्षकको नाम, थर ................................................<br>वाहकको दस्तखतः<br>प्रमाणित गर्ने<br>नाम, थर ...............................<br>हस्ताक्षर ..............................<br>पद ...................................<br>मिति ................................ | पूर्ण अशक्त अपाङ्गता भएका व्यक्तिले रातो रङ्गको परिचय पत्र पाउने व्यवस्था छ । |
|  ख वर्ग<br>नेपाल सरकार<br>..................................पालिका<br>अपाङ्गता परिचय पत्र<br>फोटो<br>नाम, थरः<br>जिल्ला............ ...वडा नं ........................................<br>लिङ्गः ............ .......... ना.प्र.प्र.नं/जन्म द नं ..........................राष्ट्रिय परिचय पत्र नं ......................<br>अपाङ्गताको किसिमः ..........................  जन्म मिति ......................................<br>बाबु/आमा वा संरक्षकको नाम, थर ................................................<br>वाहकको दस्तखतः<br>प्रमाणित गर्ने<br>नाम, थर ...............................<br>हस्ताक्षर ..............................<br>पद ...................................<br>मिति ................................ | अति अशक्त अपाङ्गता भएका व्यक्तिले निलो रङ्गको परिचय पत्र पाउने व्यवस्था छ । |

| | |
|---|---|
|  | मध्यम अपाङ्गता भएका व्यक्तिले पहेलो रङ्गको परिचय पत्र पाउने व्यवस्था छ । |
|  | सामान्य अपाङ्गता भएका व्यक्तिले सेतो रङ्गको परिचय पत्र पाउने व्यवस्था छ । |


## अपाङ्गता भएका व्यक्तिहरुको अधिकार

| | |
|---|---|
|  | अपाङ्गता भएका ब्यक्तिहरुलाई पनि यौन तथा प्रजनन स्वास्थ्य सम्बन्धी अधिकार हुन्छ । |
|  | बौद्धिक अपाङ्गता, अटिजम भएका व्यक्तिहरुले यौन तथा प्रजनन स्वास्थ्य सम्बन्धि सूचना तथा सेवा इजि टु रिडमा पाउनु पर्छ । |
|  | बच्चा पाउने वा नपाउने भन्ने निर्णय अपाङ्गता भएका व्यक्ति आफैले गर्नु पाउनु पर्छ । |

| | |
|---|---|
|  | गर्भ रोक्ने साधन सम्बन्धी जानकारी अपाङ्गता भएका व्यक्तिहरुले पनि पाउनु पर्छ । |

## २ अपाङ्गता भएका व्यक्तिहरुको यौन तथा प्रजनन स्वास्थ्य र अधिकार सम्बन्धि कानूनी व्यवस्था

| | |
|---|---|
|  | नेपालको संविधानको धारा १८ मा भेदभाव नगरी एउटै खालको व्यवहार गर्नुपर्ने सबैलाई बराबरी हकको अधिकार छ । |
|  | धारा ३८ मा महिलाको सुरक्षित प्रजनन र आमा बन्ने अधिकार छ । महिला भएकै कारण भेदभाव गर्न हुँदै भन्ने हक पनि छ । |
|  | नेपालको संविधानको धारा ४२ मा अपाङ्गता भएका व्यक्तिहरूको सामाजिक न्यायको हक छ । |
|  | अपाङ्गता भएका व्यक्तिको अधिकार सम्बन्धी ऐन २०७४ मा स्वास्थ्य सेवा र प्रजनन अधिकारको सूचना पाउने हक छ । |

| | |
|---|---|
|  | नेपाल जनस्वास्थ्य सेवा ऐन, २०७५ र राष्ट्रिय स्वास्थ्य नीति २०७६ ले अपाङ्गमैत्री भौतिक संरचना र स्वास्थ्य सेवा दिनु पर्ने उल्लेख छ । |
|  | सुरक्षित मातृत्व तथा प्रजनन् स्वास्थ्य अधिकार ऐन २०७५ मा प्रजनन स्वास्थ्य तथा परिवार योजना र सेवा अपाङ्गतामैत्री हुने उल्लेख छ । |
|  | कसैलाई करकापमा पारी, फकाई, जवरजस्ती गर्भनिरोधक साधन प्रयोग गराउनु हुँदैन भनेर कानूनमा भनिएको छ । |
|  | अपाङ्गता सम्बन्धी १० बर्षे नीतिमा अपाङ्गता मैत्री सुरक्षित मातृत्व र प्रजनन स्वास्थ्य सेवाको बारेमा उल्लेख गरिएको छ । |
|  | अपाङ्गतामैत्री प्रजनन स्वास्थ्य तथा सुरक्षित मातृत्व सेवा सम्बन्धी निर्देशिका २०७९ बनेको छ । |

| | |
|---|---|
|  | निर्देशिकामा अपाङ्गमैत्री सेवा सम्बन्धी प्रक्रिया, राज्यको काम, कर्तब्य र अधिकार, सेवा, सूचना तथा संचारका बारेमा उल्लेख छ । |
|  | युएनसिआरपिडिले अपाङ्गता भएका व्यक्तिहरूको विवाह, छोराछोरी जन्माउने वा नजन्माउने सल्लाह, यौन तथा प्रजनन स्वास्थ्यमा भेदभाव गर्न नपाइने उल्लेख छ । |

## ३ अपाङ्गता भएका व्यक्तिहरुको लागि यौन तथा प्रजनन स्वास्थ्य शिक्षा र संचार

| | |
|---|---|
|  | अपाङ्गता भएका व्यक्तिहरूलाई अन्य व्यक्ति सरह आफ्नो शरीर, यौन सम्बन्ध र यौन स्वास्थ्यका बारेमा जानकारी प्राप्त गर्ने अधिकार छ। |

## ४ प्रजनन तथा अपाङ्गता

| | |
|---|---|
|  | अपाङ्गता भएका व्यक्तिहरूमा पनि प्रजनन आवश्यकता तथा चाहना हुन्छन् । |

| | |
|---|---|
|  | कहिलेकाहीँ अपाङ्गता भएका व्यक्तिहरूमा प्रजनन स्वास्थ्यमा असर परेर सन्तान जन्माउन कठिनाइ हुन सक्दछ । |
|  | यस्तो अवस्थामा अपाङ्गता भएका व्यक्तिहरूको प्रजनन अधिकारलाई बिचार गरी सन्तान उत्पादन गर्न सहयोग गर्नु पर्छ । |

**अपाङ्गताको कारण प्रजनन स्वास्थ्यमा हुनसक्ने खराबी वा सावधानीः**

| | |
|---|---|
|  | छोरा छोरी जन्माउने तरीका, क्षमता, प्रजनन् अङ्गहरु साथै बच्चा जन्माउन आवश्यक सहयोगको बारेमा जानकारी हुनु पर्छ । |
|  | छोरा छोरी जन्माउन शरीर फुर्तिलो र पेटमा बच्चा रहेको अवस्थाबारे स्वय व्यक्तिलाई जानकारी हुनु पर्छ । |


| | |
|---|---|
|  | अपाङ्गता भएका व्यक्तिहरुलाई भर्खरै जन्मेको बच्चालाई हेरचाह (स्याहार सुसार) सम्बन्धी जानकारी हुनु पर्छ । |
|  | माथी लेखिएका सूचना र सेवाहरु पहुँचयुक्त ढाँचामा पाइएन भने सम्बन्धीत निकायमा वकालत गर्नु पर्छ । |

## ५ अपाङ्गता भएका व्यक्तिहरुको यौन तथा प्रजनन अधिकार

| | |
|---|---|
|  | अपाङ्गता भएका व्यक्तिहरूको यौन तथा प्रजनन अधिकार स्वतन्त्रता, सम्मान र स्वस्थ जीवनसँग जोडिएको हुन्छ । |
|  | अपाङ्गता भएका व्यक्तिहरूको पनि यौन तथा प्रजनन स्वास्थ्य सम्बन्धी सूचना तथा सेवा छान्ने अधिकार हुन्छ । |


| | |
|---|---|
|  | राष्ट्रिय तथा अन्तर्राष्ट्रिय कानुनहरूले अपाङ्गता भएका व्यक्तिहरूको यौन तथा प्रजनन अधिकारलाई सुनिश्चित गरेको छ । |

**अपाङ्गता भएका व्यक्तिहरूको यौन तथा प्रजनन अधिकार सम्बन्धी सबैको साझा बिचार यस प्रकार रहेका छन :**

| | |
|---|---|
|  | १ यौन तथा प्रजनन् स्वास्थ्य सम्बन्धी गर्भनिरोधक सेवा, प्रजनन स्वास्थ्य अधिकार प्रयोग गर्न आफै निर्णय गर्न पाउने अधिकार हुन्छ । |
|  | २ छोराछोरी जन्माउने, स्वास्थ्य सेवा पाउने र गर्भनिरोधक सम्बन्धी सूचना सरल तथा सचित्र भाषा माध्यममा पाउने हक हुन्छ । |

# खण्ड दुई

## ६ परिवार योजना


| | |
|---|---|
|  | यौन आनन्द लिन, बच्चा पाउने संख्याको निर्णय गर्न अपाङ्गता भएका व्यक्तिहरुलाई पनि अधिकार हुन्छ । |
|  | बच्चा जन्माउने चाहना भएका तर बच्चा जन्माउन नसकेका व्यक्तिलाई सहयोग गर्ने तरिका परिवार योजना (सल्लाह) हो । |


**परिवार योजनाको महत्व :**

| | |
|---|---|
|  | १ श्रीमान श्रीमतिविच गरिने सल्लाहले यौन चाहनालाई सुरक्षित तरिकाले व्यवस्थापन गर्न सहयोग गर्दछ । |
|  | २ श्रीमान श्रीमतिविच गरिने सल्लाहले आफ्नो चाहना अनुसार बच्चा जन्माउन सहयोग गर्दछ । |



| | |
|---|---|
|  | ३ श्रीमान श्रीमतिविच गरिने सल्लाहले छिटो बच्चा पाउने वा नपाउने र आमा वा बच्चा दुवैलाई स्वस्थ रहन सहयोग गर्छ । |
|  | ४ श्रीमान श्रीमतिबिच गर्ने सल्लाहले एच. आई. भि. तथा यौन रोगको रोकथाम गर्छ । |
|  | ५ कम उमेरमा बच्चा पाउनलाई रोक्न मद्धत गर्छ । |

## परिवार योजनाका बिधिहरु

| | |
|---|---|
|  | पुरुषले सधै बच्चा नजन्माउने गरी अपरेशन गरेर पुरुष बन्ध्याकरण (भ्यासेक्टोमी) गरिन्छ । |
|  | महिलेले सधै बच्चा नजन्माउने गरी अपरेशन गरेर महिला बन्ध्याकरण (मिनिल्याप) गरिन्छ । |


| | |
|---|---|
|  | बच्चा हुनबाट रोक्न महिलाहरुको पेटमा बच्चा बस्ने पाठेघरमा आईयुसिडि राखिन्छ । |
|  | बच्चा हुनबाट रोक्न महिलाहरुको पाखुरामा ईम्प्लान्ट राखिन्छ । |
|  | बच्चा हुनबाट रोक्न महिलाहरुलाई तिन तिन महिनामा गर्भनिरोधक सुई (डिपो) लगाइन्छ । |
|  | बच्चा हुनबाट रोक्न महिलाहरुले प्रत्येक दिन पिल्स चक्कि खाने गरिन्छ । |
|  | बच्चा हुनबाट रोक्न पुरुषहरुले यौन सम्पर्कको बेला कण्डम प्रयोग गर्नु पर्छ । |

## ७ अपाङ्गता भएका व्यक्तिहरुलाई परिवार योजना सेवा दिदा ध्यान दिनु पर्ने कुराहरु

| | |
|---|---|
|  | श्रीमान श्रीमतीविचको सल्लाह गरेर कहिले र कति छोराछोरी जन्माउने भन्ने निर्णय गर्नु पर्छ । |
|  | अस्पतालमा सेवा लिने ठाउँसम्म पहुँचयुक्त बाटो, भवन र एम्बुलेन्स लगायतका सेवाहरु हुनु पर्छ । |
|  | स्वास्थ्य संस्थामा तालिम प्राप्त डाक्टर सहित गर्भनिरोध सामाग्री र सूचना सरल तथा सचित्र भाषामा हुनु पर्छ । |
|  | श्रीमान श्रीमतिविचमा सहमती र यौन सम्पर्क लगायत अन्य गोपनियता राख्नु पर्छ । |

## ८ आमा तथा भर्खरै जन्मेको बच्चाको स्याहार सुसार

**गर्भवती आमा र बच्चाको निम्न कारणले मृत्यु हुन सक्छ ।**

| | |
|---|---|
|  | सुत्केरी हुनु पहिले, भइरहेको समयमा योनिबाट धेरै रगत बगेको बेला स्वास्थ्यकर्मी भएन भने ज्यान जान सक्छ । |
|   | छोरा छोरी जन्माउन नचाहेको बेला र असुरक्षित यौन सम्पर्क गरी पेटमा बच्चा आएमा मान्यता प्राप्त अस्पतालबाट गर्भपतन गराउन सकिन्छ । |
|  | असुरक्षित गर्भपतन गरायो भने, सुत्केरी अवस्थामा पोषिलो खानेकुरा दिएन भने आमाको मृत्यु हुन सक्छ । |
|  | जन्मिदा सास थुनिएर वा बच्चाको तौल कमी भएमा बच्चाको मृत्यु हुन सक्छ । |
|  | बच्चा महिना नपुगी जन्मिएर र कुनै रोग लागेमा पनि बच्चाको मृत्यु हुन सक्छ । |

| | |
|---|---|
|  | गर्भवती महिलाले बच्चा नजन्मिउन्जेल कम्तिमा आठ पटक स्वास्थ्य संस्थामा गएर जाँच गर्नु पर्छ । |

**गर्भवती स्याहार अन्तर्गत गर्नु पर्ने कार्यहरु निम्न छन :**

| | |
|---|---|
|  | स्वास्थ्यकर्मीको सल्लाहअनुसार टि.डी. खोप लगाउने गर्भवती भएको तीन महिनासम्म फोलिक एसिड चक्की मात्र खानु पर्छ । |
|  | स्वास्थ्यकर्मीको सल्लाहअनुसार गर्भावस्थामा चार महिनादेखी आइरन र फोलिक एसिड तथा क्याल्सियम चक्की खानु पर्छ । |
|  | गर्भावस्थामा पोषिलो खाने कुरा खाने, मुख, हात, नङ, लिङ्ग, योनी तथा शरीर सफा राख्नु पर्छ । |
|  | गर्भवती अवस्थामा रक्सी, चुरोट, खैनी जस्ता शरीरलाई हानी गर्ने कुरा खानु हुँदैन । |

| | |
|---|---|
|  | आराम गर्ने र गह्रौं भारी नबोक्ने, पैसाको व्यवस्था गर्ने, सहयोगका लागि स्वास्थ्यकर्मी र एम्बुलेन्सको सम्पर्क नम्बर राख्नु पर्छ । |

## प्रसुती स्याहारकोलागि ध्यान दिनु पर्ने कुराहरु

| | |
|---|---|
|  | अस्पताल वा स्वास्थ्य संस्था बाहिर बच्चा जन्माएमा स्वास्थ्यकर्मीको सल्लाह अनुसार मातृ (आमा) सुरक्षा चक्कि खानु पर्छ । |

## भर्खरै जन्मेको बच्चालाई जन्मने बित्तिकै गरिने स्याहार सुसार

| | |
|---|---|
|  | भर्खरै जन्मेको बच्चालाई जन्मनासाथ नरम, सफा र सुख्खा कपडाले पुछि न्यानो कपडामा बेरेर राख्नु पर्छ । |
|  | भर्खरै जन्मेको बच्चालाई १ घण्टा भित्रै आमाको दुध खुवाउने र २४ घण्टासम्म नुहाउनु हुँदैन । |

## सुत्केरी स्याहार

| | |
|---|---|
|  | १. आमा र भर्खरै जन्मेको बच्चालाई स्वास्थ्यकर्मीको सल्लाह अनुसार ४ पटक जचाउने र खोप लगाउनु पर्छ । |
|  | २. एउटा बच्चा जन्माएपछि आमाले दुई वर्षसम्म फेरि अर्को बच्चा जन्माउनु हुँदैन । |

## ९ आमा तथा भर्खरै जन्मेको बच्चामा देखिने खतराका चिन्हहरु

| | |
|---|---|
|  | पेटमा बच्चा भएको वेला टाउको दुख्ने, आँखा कम देख्ने वा हात मुख सुन्निने, योनिबाट रगत बग्ने र तल्लो पेट दुख्न सक्छ । |
|  | बच्चा जन्माउने बेलामा ८ घण्टा भन्दा लामो वेथा लाग्ने धेरै दुख्ने र योनिबाट रगत बग्न सक्छ । |
|  | सुत्केरी अबस्थामा ज्वरो आउन, योनीबाट गन्हाउने पानी वा रगत बग्न र टाउको दुख्न सक्छ । |

| | |
|---|---|
|  | भर्खरै जन्मेको बच्चामा छिटो छिटो सास फेर्ने, आमाको दुध नखाने, जरो आउने, नाइटोमा घाउ हुने आदी हुन सक्छ । |

## १० अपाङ्गता भएका व्यक्तिहरुले आमा तथा भर्खरै जन्मेको बच्चा स्याहारमा ध्यान दिनुपर्ने कुराहरु

| | |
|---|---|
|  | अपाङ्गता भएका महिलाहरूले तालिमप्राप्त स्वास्थ्यकर्मीसँग सर सल्लाह गरी भर्खरै जन्मेको बच्चा र आफ्नो ख्याल गर्नु पर्छ । |
|  | स्वास्थ्य संस्था अपाङ्गता मैत्री बनाउन सजिलो बेड, सरल तथा सचित्र भाषा र साङ्केतिक भाषाको प्रयोग गर्ने । |
|  | बच्चा पेटमा हुने, जन्माउने र बच्चाको आमालाई हेरचाह गर्ने सूचना सरल तथा सचित्र भाषा, ब्रेल, ठूला अक्षर सहितको हुनु पर्छ । |


| | |
|---|---|
|  | आमा बच्चा दुवै सुरक्षित भइ बच्चा पाउन तालिमप्राप्त स्वास्थ्यकर्मीसँग सल्लाह गरेर बच्चा जन्माउनु पर्छ । |
|  | भर्खरै जन्मेको बच्चालाई दुध खुवाउन सक्ने गरी आवश्यक सल्लाह र सहयोग गर्नुपर्छ । |
|  | अपाङ्गता भएका व्यक्तिहरूले स्वस्थ हुन खाना खान, आराम गर्न तथा अन्य सहयोगको व्यवस्था मिलाउनु पर्छ । |

# खण्ड तीन


## गर्भपतन सेवा तथा अपाङ्गता

| | |
|---|---|
|  | गर्भमा रहेको बच्चा महिना नपुगी गर्भबाट बाहिर निकालिने प्रकृयालाई गर्भपतन भनिन्छ । |
|   | गर्भपतन अनुमति प्राप्त स्वास्थ्य संस्था र अनुमति प्राप्त स्वास्थ्यकर्मीले मात्र कानून र नियम अनुसार गर्न सकिन्छ । |

## गर्भपतनको कानुनी व्यवस्था

| | |
|---|---|
|  | गर्भवती महिलाको मञ्जुरीले १२ हप्ता (४९ दिन) सम्मको गर्भपतन मान्यता प्राप्त स्वास्थ्य संस्थाबाट गराउन सकिन्छ । |
|  | आमाको ज्यान खतरमा पर्ने, अपाङ्गता भएको बच्चा जन्मन्छ भन्ने थाहा भएमा महिलाको मन्जुरीले २८ हप्ता सम्मको गर्भपतन गर्न सकिन्छ । |

| | |
|---|---|
|  | जबरजस्तीकरणी वा हाडनाता करणीबाट गर्भ रहन गएमा गर्भवती महिलाको मञ्जुरीले अठ्ठाइस हप्तासम्मको गर्भपतन गर्न सकिन्छ । |
|  | आमाको पेटमै मर्न सक्ने वा जन्मेर पनि बाँच्न नसक्ने भएमा महिलाको मञ्जुरीमा २८ हप्तासम्मको गर्भपतन गर्न सकिन्छ। |

| **अपाङ्गता भएका व्यक्तिहरुलाई सूचना तथा सुरक्षित सेवा** | |
|---|---|
|  | स्वास्थ्यकर्मीले अपाङ्गता भएका व्यक्तिहरुलाई बिशेष प्राथमिकतामा राखेर अपाङ्गता मैत्री सेवा प्रदान गर्नु पर्छ । |
| **गर्भपतन गर्दा ध्यान दिनु पर्ने कुराहरु** | |
|   | गर्भपतन गर्दा आफ्नो परिवार र तालिमप्राप्त स्वास्थ्यकर्मीसँग सल्लाह गरेर मात्र अनुमति प्राप्त स्वास्थ्य संस्थाबाट गराउनु पर्छ । |



| | |
|---|---|
|  | स्वास्थ्य संस्थामा जाँच टेबल, सांकेतिक भाषा, ब्रेल र सरल तथा सचित्र भाषा माध्यमबाट सूचना पाउने व्यवस्था गर्नु पर्छ । |

## यौन रोग तथा एच आईभी


| | |
|---|---|
|  असुरक्षित यौन सम्पर्क | कण्डम नलगाइ यौन सम्पर्कका कारण सर्ने रोगलाई यौन रोग भनिन्छ। |
|  | असुरक्षित सम्पर्कले यौन रोग लाग्न सक्छ ।महिलाबाट ढिलो सर्छ पुरुषबाट महिलामा यो सजिलै सर्न सक्छ । |
|  | १५ देखि ४९ वर्षका व्यक्तिमा यौन चाहना बढि हुन्छ ।यसमा १५ देखि २४ वर्षका युवायुवतीलाई बढी यौन रोग लाग्न सक्छ। |

## असुरक्षित यौनसम्पर्कबाट बच्ने उपाय

| | |
|---|---|
|  | यौनसम्पर्क राख्दा पति/पत्नी वा कुनै एकजना व्यक्तिसँग मात्र यौन सम्पर्क राख्नु पर्छ । |

| | |
|---|---|
|  | एकजना भन्दा अरु व्यक्तिसँग यौनसम्पर्क राख्नु परेमा अनिवार्य कण्डम लगाएर मात्र यौन समपर्क गर्नु पर्छ । |
|  | मिति नगएको कण्डम नच्यातिने गरी निकालेर लिंङ्ग उत्तेजीत भएपछि पुरै ढाकिनेगरी लगाउनु पर्दछ । |
|  | वीर्यझरेपछि कण्डमको बिट समातेर लिङ्गलाई योनीबाट बाहिर निकाली वीर्य नपोखिने गरी बाहिर निकाले गाडनु वा जलाउनु पर्छ । |

**सुइ, सिरिञ्ज जस्ता छाला छेड्ने औजारहरूको साझा प्रयोगबाट बच्ने उपाय**

| | |
|---|---|
|  | नाक, कान वा अन्य अंगहरू छेड्नका लागि प्रयोग गर्ने सियो फेरी अर्को व्यक्तिलाई प्रयोग नगर्ने। |
|  | यदी अर्को व्यक्तिलाई प्रयोग गर्नै परेको खण्डमा पानिमा उमालेर मात्र प्रयोग गर्ने। |

| | |
|---|---|
|  | एचआइभि लागेको व्यक्तिले प्रयोग गरेका दाह्री काट्ने ब्लेड र दाँतमाझ्ने ब्रस अरुले प्रयोग गर्नु हुँदैन । |

**बाबुआमाबाट बच्चामा हुने संक्रमणको रोकथाम**

| | |
|---|---|
|  | यौन रोग लागेका बाबु आमाबाट बच्चा पेटमा रहँदा वा बच्चा जन्माउदा र यौन रोग सर्न सक्छ। |
|  | यौन रोग लागेमा, बच्चालाई दुध खुवाउदा र बच्चा जन्माउने बेलामा ध्यान दिएमा आमाबाट बच्चामा एच आइ भी सर्दैन । |

**संक्रमित आमाबाट भर्खरै जन्मेको बच्चामा एच आइ भी संक्रमण रोकथामका उपायहरू :**

| | |
|---|---|
|  | गर्भवती हुँदा समय समयमा डाक्टरसँग सल्लाह लिने र जन्मेपछि डाक्टरको सल्लाहमा औषधी खुवाउनु पर्छ । |
|  | भर्खरै जन्मेको बच्चालाई दुधको सट्टा गाई भैंसीको दूध, लिटो, फलफूलको रस, दाल आदि खुवाउन सकिन्छ। |

| | |
|---|---|
|  | यौन रोग लागेकी आमाको दुधको मुन्टामा घाउ भएमा र बच्चाको दाँत आइसकेपछि दुध खुवाउनु हुँदैन । |

**यौन तथा एच आई भी संक्रमणको शंका लागेमा तलका कुराहरु ध्यान दिनुपर्छ ।**

| | |
|---|---|
|  | आफ्नो अवस्थाको बारेमा तालिम प्राप्त स्वास्थ्यकर्मी भएको स्वास्थ्य संस्थामा सल्लाह लिनु पर्दछ। |
|  | अपाङ्गता भएका व्यक्तिले आबश्यक स्याहारको लागि आफ्नो परिवार, साथीहरुसँग सहयोग माग्नु पर्दछ। |
|  | शारीरिक र मानसिक रुपमा स्वस्थ हुन समयमा खाना खाने, आराम गर्ने र बिहान बेलुका हिंडडुल गर्नु पर्छ । |
|  | एच आइ भी लगायत यौन रोगहरुबाट बच्न कण्डमको प्रयोग अन्य उपायहरुको बारेमा जानकारी लिने दिने गर्नु पर्छ । |

## प्रजनन स्वास्थ्य रुग्णता

| | |
|---|---|
|  | शारीरिक, मानसिक, सामाजिक तथा भावनात्मक स्वास्थ्यमा असर पुग्ने अवस्थालाई प्रजनन स्वास्थ्य समस्या (रुग्णता) भनिन्छ । |

## बाँझोपन

| | |
|---|---|
|  | गर्भनिरोधक साधन प्रयोग नगरी नियमित १ बर्षसम्म नियमित यौन सम्पर्क गर्दा पनि गर्भ नरहेमा बाँझोपन भनिन्छ । |
|  | पुरुषमा शुक्रकिट र महिलामा अन्डा नबन्दा, ढिलो बिबाह हुँदा, धुम्रपान गर्दा र अव्यवस्थित खानपिन गर्दा बाझोपन हुन्छ । |
|  | बाझोपन भएमा वा भएको शंका लागेमा रोकथाम र परामर्शको लागि नजिकको स्वास्थ्य संस्थामा गई जचाउनु पर्दछ । |

## पेल्भिक अर्गान प्रोलाप्स वा आङ खस्ने समस्या

| | |
|---|---|
|  | महिलाको पाठेघर (पेटमा बच्चा बस्ने ठाउँ) लगायत पिसावथैली, दिशा गर्ने अंग र आन्द्राहरू सरेर तल आउने अवस्थालाई आङ खस्ने समस्या भनिन्छ । |
|  | २० बर्षभन्दा कम उमेरमा बच्चा जन्माएमा र एउटा बच्चा जन्मेको दुई बर्ष अगाडी अर्को बच्चा जन्माएमा आङ्ग खस्न सक्छ । |
|  | चुरोट रक्सी खाएमा, गर्भवती वा सुत्केरी अवस्थामा गह्रौं भारी बोकेमा आङ खस्न सक्छ । |
|  | महिनावारी सुक्ने बेलामा गर्भ रहेमा आङ्ग खस्ने समस्या हुन सक्छ । |
|  | बच्चा नजन्माएका र जन्मदै पाठेघर कमजोर भएका महिलाहरुमा पनि यो समस्या आउन सक्छ । |

## पाठेघर खस्दा देखिने लक्षणहरु

| | |
|---|---|
|  | योनी बाहिर केही चिज आए जस्तो हुनु र योनीबाट रगत मिसिएको सेतो पानी बग्नु । |
|  | टुक्रुक्क बस्दा योनीबाट टुसो बाहिर आउनु<br>पिसाब गर्न गाह्रो हुनु र छिटो छिटो पिसाब लाग्नु वा पिसाब ननिखिनु |
|  | पछ्राडीको भागमा दुखु<br>भारी बोक्दा केही खस्न लागेजस्तो हुनु<br>दिशा बस्दा पहिला नै केही आउन लागेको महसुस हुनु |

## आङ खस्ने समस्याको उपचार तथा रोकथाम

| | |
|---|---|
|  | **पाठेघर बाहिर निस्केमा शारीरिक सम्पर्क नगर्ने स्वास्थ्य संस्थामा जचाउने धैरै बच्चा जन्माउनु हुँदैन ।** |

| | |
|---|---|
|  | गर्भवती महिलाले बच्चा जन्माउदा र सुत्केरी अबस्थामा पोषिला खाना खाने, भारी र गाह्रो काम नगर्ने, नियमित व्यायाम गर्नु पर्छ । |

## महिलामा हुने प्रजनन अंगको क्यान्सर

| | |
|---|---|
|  | महिलाहरुको प्रजनन अंगमा अस्वभाविक बृद्धि भयो भने प्रजनन अंगको क्यान्सर हुन सक्छ । |
|  | प्रजनन अंगमा अस्वभाविक रुपमा बृद्धि भएमा स्वास्थ्यकर्मीसँग तुरुन्त जाँच गराउनु पर्छ । |

## लैंगिक तथा यौन हिंसा

| | |
|---|---|
|  | एक व्यक्तिले अर्काको इच्छा विपरित गरिने शारीरिक, मानसिक, भावनात्मक वा यौनजन्य व्यवहारलाई हिंसा भनिन्छ । |

| | |
|---|---|
|  | लाज लाग्ने कुरा गर्नु, लाज लाग्ने कुरा देखाउनु र यौनका लागि बाध्य पार्नु यौनजन्य हिंसा हो । |
|  | हिंसा गर्ने ब्यक्ति आफ्नै परिवारको सदस्य, हेरचाह गर्ने ब्यक्ति, श्रीमान/श्रीमती वा अन्य नचिनेका ब्यक्ति समेत हुन सक्दछन । |
|  | संचार गर्न कठिनाइ हुने अपाङ्गता भएका व्यक्तिले आफुमाथी भएको हिंसाको बारेमा अरुको सहयोग लिएर भए पनि बताउनु पर्छ । |

**अपाङ्गता भएका व्यक्तिहरुमा हिंसाको असर कम गर्ने उपायहरु**

| | |
|---|---|
|  | अपाङ्गता समबन्धी जनचेतना मूलक कार्यक्रम, बस्ने ठाउँ र पुनर्स्थापना केन्द्रहरुको नियमित अनुगमन गर्नु पर्छ । |
|  | अपाङ्गता भएका व्यक्तिहरुलाई आफ्नो सुरक्षा आफै गर्न सक्ने बनाउनको लागि आवश्यक तालिम दिनु पर्छ । |


## डिजिटल स्पेसमा हुने हिंसा

| | |
|---|---|
|  | फेसबुक, युट्युव लगायत सामाजिक संजालको माध्यमबाट हुने यौन हिंसालाई अनलाईन यौन हिंसा भनिन्छ । |
|  | फेसबुकबाट इच्छा बिपरित यौनका कुराकानी गर्ने, यौन अंगको तस्विर देखाउने कार्य गर्नु हुँदैन । |




## डिजिटल स्पेसमा हुने हिंसा समाधानका उपाय

| | |
|---|---|
|  | नचिनेको व्यक्तिहरूलाई साथी नबनाउने, कुराकानी नगर्ने र आफ्ना व्यक्तिगत पासवर्डहरू कसैलाई पनि नदिने । |
|  | कुराकानी गर्दा आफ्ना देखाउन नमिल्ने र छुन नमिल्ने अङ्ग र गोप्य सूचनाहरू सुरक्षित र गोप्य रूपमा राख्नु पर्छ । |

# किशोर किशोरी यौन तथा प्रजनन स्वास्थ्य

| | |
|---|---|
|  | किशोर किशोरी भन्नाले १० देखि १९ वर्ष बीचका व्यक्तिहरूलाई जनाउँछ । |
|  | यस समयमा उनीहरूमा शारीरिक तथा मानसिक परिवर्तन र विकास छिटो हुन्छ । |

## बृहत यौनिकता तथा प्रजनन स्वास्थ्य शिक्षा


| | |
|---|---|
|  | महिनावारी, शरीरको सरसफाइ, यौन अंगको विकास तथा प्रजनन सम्बन्धि ज्ञानको बारेमा थाहा पाउनु पर्छ । |
|   | बिबाहको उपयुक्त उमेर, गर्भवती समय, गर्भ निरोधकका उपायहरु र परिवार योजनाको बारेमा जानकारी राख्नु पर्छ । |
|  | यौन चाहना, सुरक्षित यौन सम्बन्ध तथा लाग्न सक्ने यौन संक्रमण र रोगहरुका बारेमा जानकारी राख्नु पर्छ । |

## महिनाबारीमा हुने अनियमितता र समाधानको उपायहरु

| | |
|---|---|
|  | हिडडुलमा कठिनाइ हुँदा, बोलिमा कठिनाइ हुँदा, महिनावारी सम्बन्धी ज्ञानको कमि हुँदा सरसफाइको कमि समस्या हुन सक्छ । |
|  | नियमित औषधि खाने अपाङ्गता भएका व्यक्तिहरुमा औषधिको असरले हर्मोनमा घटबढ भई महिनाबारी अनियमित हुन सक्दछ । |
|  | त्यसैले अस्पतालका सूचनाहरु सबै प्रकारका अपाङ्गता भएका व्यक्तिहरुलाई हुने गरी बनाउनु पर्दछ । |
|  | यस्तो बेलामा आवश्यकता अनुसार घर परिवार तथा समुदायका अन्य व्यक्तिहरुले समेत सहयोग गर्ने र स्वास्थ्यकर्मीको सहायता लिनु पर्छ । |

## खण्ड चार


## तालिमलाई राम्रो बनाउन सहभागीहरुले गर्नु पर्ने काम




| | |
|---|---|
|  | अपाङ्गता मैत्री तरिकाले तालिम संचालन गर्न समावेशी तालिम योजना र खेल तथा मनोरञ्जन दिने तरिकाहरु प्रयोग गर्नु पर्दछ । |
|  | सहभागी सबैलाई सजिलो हुने तालिम सामाग्रीको प्रयोग गर्ने । तालिम खेल तथा मनोरन्जन बिधिबाट संचालन गर्नु पर्छ । |
|  | सबैलाई हुने बिषय बस्तुको चयन र एकै ठाउँमा एउटै उमेरका साथीहरुसँग बसेर तालिन लिने व्यवस्था मिलाउनु पर्छ । |
|  | तालिम दिने व्यक्तिसँग सहभागीले कुराकानी गर्ने र एक अर्काको गोपनियता ख्याल राख्नु पर्दछ । |



## अनुसूचि


## यौन तथा प्रजनन स्वास्थ्य र अधिकार सम्बन्धि तालिम कार्य तालिका


| | |
|---|---|
|  | २०८० फागुण ७ गते<br>समयः बिहान १० |
| **पहिलो दिन** | |
|  | १०:१५-१०:४५<br>स्वागत, परिचय, उद्देश्य र सहभागीको समबुझाइको मापन |
|  | १०:४५-११:००<br>तालिमको ब्यबस्थापन, अपेक्षा संकलन, नियम बनाउने |
|  | ११:००-११:१५<br>चियाको समय |
|  | ११:१५-१२:१५<br>यौन तथा प्रजनन स्वास्थ्य र अपाङ्गता |
|  | १२:१५-१:००<br>यौन तथा प्रजनन स्वास्थ्य र अधिकार सम्बन्धी कानुनी व्यवस्थाहरु |

| | |
|---|---|
|  | १:००-२:०० <br> खाना |
|  | २:००- ३:०० <br> अपाङ्गता भएका व्यक्तिहरुको लागि यौन तथा प्रजनन स्वास्थ्य र संचार |
|  | ३:००-४:०० <br> प्रजनन र अपाङ्गता |
|  | ४:००-४:१५ <br> चिया |
|  | ४:१५-४:४५ <br> अपाङ्गता भएका व्यक्तिहरुको यौन तथा प्रजनन अधिकार |
|  | ४:४५-५:०० <br> पुनराबलोकन |
| **दोस्रो दिन** | |

| | |
|---|---|
|  | १०:००-११:३०<br>परिवार योजना तथा गर्भ निरोधक साधन र बिधिहरु |
|  | ११:००-११:१५<br>चिया |
|  | ११:१५-१२:३०<br>परिवार योजना सेवा तथा अपाङ्गता भएका व्यक्तिहरुले ध्यान दिनु पर्ने कुराहरु |
|  | १२:३०-१:३०<br>खाना |
|  | १:३०-३:००<br>मातृ तथा भर्खरै जन्मेको बच्चा हेरचाह |

| | |
|---|---|
|  | ३:००-४:००<br>आमा तथा भर्खरै जन्मेको बच्चामा देखिने खतराका चिन्हहरु |
|  | ४:००-४:१५<br>चिया |
|  | ४:१५-४:४५<br>अपाङ्गता भएका व्यक्तिहरुले मातृ तथा भर्खरै जन्मेको बच्चा हेरचाह सम्बन्धि सेवा लिदा ध्यान दिनु पर्ने कुराहरु |
|  | ४:४५-५:००<br>पुनराबलोकन |
| **तेस्रो दिन** | |
|  | १०:००-११:००<br>गर्भपतन र कानुनी पक्षहरु |
|  | ११:००-११:१५<br>चिया |

| | |
|---|---|
|  | ११:१५-१२:१५<br>गर्भपतन सेवा तथा अपाङ्गता |
|  | १२:१५-१:१५<br>खाना |
|  | १:१५-२:१५<br>यौन रोग र अपाङ्गता |
|  | २:१५-३:१५<br>एच आई भी र अपाङ्गता |
|  | ३:१५-३:३०<br>चिया |
|   | ३:३०-४:४५ प्रजनन स्वास्थ्य रुग्णता बाँझोपन र आङ खस्ने समस्या तथा अपाङ्गता |

| | |
|---|---|
|  | ४:४५-५:०० <br> पुनरावलोकन |
| **चौथो दिन** | |
|   | १०:००-१०:४५ <br> प्रजनन स्वास्थ्य रुग्णता, प्रजनन अंगको क्यान्सर तथा अपाङ्गता |
|  | १०:४५-११:०० <br> चिया |
|  | ११:००-१२:३० <br> लैंगिक तथा यौन हिंसा र अपाङ्गता |
|  | १२:३०-१:३० <br> **खाना** |
|  | १:३०-३:०० <br> किशोर किशोरी यौन तथा प्रजनन स्वास्थ्य र अपाङ्गता |

| | |
|---|---|
|  | ३:००-३:१५<br>पुनराबलोकन |
|  | ३:१५-३:३०<br>चिया |
|  | ३:३०-४:००<br>सहभागीको ज्ञानको मुल्यांकन र तालिम समापन |

# संक्षिप्त शव्दसूची

समुदाय परिचालक: समुदायमा काम गर्ने कर्मचारी

आइरन: रगत बढाउने चक्कि

क्याल्सियम चक्की: शरीरलाई बलियो बनाउन खाने चक्कि

गर्भनिरोधक: गर्भ रहन नदिने वा रोक्ने

**गर्भपतन**: पेटमा भएको बच्चा पहिले नै निकाल्ले

गर्भाधारण: महिलाको पेटमा बच्चा बसेपछिको अवस्था

जबरजस्ती करणी: इच्छा विपरित गरिएको यौन सम्पर्क

टि.डी. खोप: महिला गर्भवती भएको बेला लगाउने खोप

परिवार योजना: छोराछोरी पाउने नपाउने बारे श्रीमान श्रीमति बिच गर्ने सल्लाह

पहुँचयुक्त ढाँचा: अपाङ्गता भएक व्यक्तिको आवश्कता अनुसार सेवा दिने तरीका

प्रजनन: बच्चा जन्माउने, नयाँ बच्चा जन्माउने प्रकृया

फोलिक एसिड: गर्भवती महिलाले खाने भिटामिन

भ्रुण: पेटमा भएको बच्चा

योनी: महिलाहरुको गुप्ताङ्ग

रुग्णता: महिला वा पुरुषको प्रजनन् अङ्गमा समस्या जस्तै: आङ्ग खस्ने

लिंङ्ग: पुरुषहरुको गुप्ताङ्ग

शिशु: जन्म भएपछिको बच्चा

साथी शिक्षक: यौन तथा प्रजनन स्वास्थ्य अधिकारमा काम गर्ने शिक्षक

हाडनाता करणी: आफ्नै दाजुभाइ बिच गरिने यौन सम्पर्क